**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः २८ अक्तूबर २०२४

समयः १८:५० - १६:०० बजे

**मुख्य समाचार**

- कोलकाता आर.जी कर काण्डमा आन्दोलनरत पश्चिम बंगाल जुनियर डाक्टर फ्रन्टले आफ्नो आन्दोलनको घेरालाई बढ़ाउने निणर्य गरेको छ।
- पश्चिम बंगालमा प्राथमिक शिक्षक भर्तीका लागि वर्ष नै गराईने टेट परीक्षा यो वर्ष गराइने छैन भनी सरकारले भनेको छ।
- दार्जीलिङको प्रसिद्ध गोरखा रंगमंच भवनमा आज माता कालीको प्रतिमाको अनावरण गरियो।
- प्रधानमंत्री नरेन्द्र मोदी तथा स्पेनका प्रधानमंत्री पेड्रो सांचेलले संयुक्त रूपमा बड़ोदरामा सी-२९५ सैन्य विमान निमार्ण सुविधाको उद्घाटन गर्नुभयो।
- देशभरी आज देखि साता व्यापी सतर्कता जागरूता अभियान आरम्भ ।आकाशवाणी खरसांगका कर्मचारीहरूले पनि शपथ लिए।
- अमेरिकाका राष्ट्रपति जो वाईडेनले वाईट हाउसमा दीवाली मनाउनु हुनेछ।

**पश्चिम बंगाल जुनियर डाक्टर्स फ्रण्ट**

पश्चिम बंगाल जुनियर डाक्टर्स फ्रण्ट (डब्ल्यूबीजेडीएफ)- ले कोलकाताको आरजी कर मेडिकल कलेजमा एक महिला चिकित्सक सित भएको कथित दुष्कर्म अनि हत्याको विरोधमा भइरहेको आफ्नो आन्दोलनको घेरालाई बढ़ाउने निर्णय लिएको छ। अब यो आन्दोलन महानगर, शहर एवं जिल्ला मुख्यालयहरूसम्म मात्र सीमित नरहेर यसलाई सुदूरवर्ती ग्रामीण क्षेत्रहरूसम्म फैलाउने योजना बनाइएको छ। आन्दोलनका प्रमुख नेता देबाशीष हलदारले , हाम्रो आन्दोलन त्यसबेलासम्म जारी रहनेछ जबसम्म यस मामिलाको जाँच एक तार्किक निष्कर्षसम्म पुग्दैन तथा हाम्रा सबै मागहरू पूरा हुँदैन।ष यसबीच जुनियर डाक्टरहरूको विरोधी संगठन श्पश्चिम बंगाल जुनियर डाक्टर्स एसोसिएशन ;डब्ल्यूबीजेडीए) पनि अघि आएको छ। यस समूहको गठन मुख्य रूपमा ती जुनियर डाक्टरहरूद्वारा गरिएको हो जसलाई आरजी कर मेडिकल कलेजको कलेज परिषदले "धमकी संस्कृति"- को आरोपमा हालैमा निलम्बन गरिदिएको थियो। यसमाथि प्रतिक्रिया व्यक्त गर्दै देबाशीष हलदारले भने, यो विचित्र छ "धमकी संस्कृति"- को आरोपी मानिएकाहरूले राज्यको सत्ताधारी दलको समर्थनबाट नयाँ संस्था गठन गरेर ठूल्-ठूला दाबीहरू गरिरहेका छन्।

****** ० ******

**TET परीक्षा**

प्राथमिक शिक्षकहरूको नियुक्तिको लागि यस वर्ष टीचर एलिजिबिलिटी टेस्ट (टीईटी) परीक्षा हुनेछैन। यो घोषणा आज पश्चिम बंगाल प्राथमिक शिक्षा परिषदले गरेको हो।पछिल्लो दुई वर्षमा टीईटी परीक्षा आयोजना भएपछि यस वर्ष कानूनी जटिलता तथा पूर्व उतीर्ण उम्मेद्वारहरूको नियुक्तिमा ढिल्याई प्रमुख कारण रहेको बताइएको छ। परिषदका अध्यक्ष गौतम पालले बताए अनुसारए आगामी महिना भित्रमा यो परीक्षा आयोजना गरिनेछ।गौतम पालले बताए अनुसारए ष्अदालतले नियमित टीईटी परीक्षा आयोजना गर्ने निर्देश दिएको छ र हामी यस आदेशलाई पालन गर्नेछौं। यस वर्ष विलम्ब भइरहेको छए तर आगामी छः महिनाभित्रमा परीक्षा आयोजना गरिनेछ।" वर्ष २०२२ र २०२३. मा प्राथमिक शिक्षकहरूको लागि टीईटी परीक्षा आयोजना गरिएको थियो। नियमानुसार वर्ष २०२४.को परीक्षा दिसम्बरमा हुनुथ्योए तर यसलाई कानूनी जटिलताहरूको कारणले स्थगित गरिएको छ।

****** ० ******

**संशो प्रधानमंत्री मोदी-गुजरात**

प्रधानमंत्री नरेन्द्र मोदी अनि स्पेनका प्रधानमंत्री पेड्रो सांचेजले आज गुजरातको वडोदरामा सी-295 सैन्य विमानको विनिर्माणका लागी टाटा एयरक्राफ्ट कॉम्पलेक्सको संयुक्त रूपमा उद्घाटन गर्नुभयो। यो भारतमा सैन्य विमानको विनिर्माणका लागी निजी क्षेत्रको पहिलो फाइनल असेम्बली लाइन हो।

यस अवसरमा प्रधानमंत्री नरेन्द्र मोदीले टाटा एयरक्राफ्ट कॉम्पलेक्सले वैश्विक वैमानिकी विनिर्माणमा एक भरोसदाय साझेदारको रूपमा भारतको स्थितिलाई मजबूत बनाउने बताउनुभएको छ । उहाँले यो फैक्ट्रीले केवल भारत-स्पेनको संबंधलाई मात्र सशक्त नबनाएर मेक इन इंडिया अनि मेक फॉर द वर्ल्ड मिशनलाई पनि बल दिने बताउनुभयो। रक्षा विनिर्माणमा भारत बढदो क्षमतालाई लिएर प्रधानमंत्रीले त्यो दिन अब टाडो नरहेको जब भारतले विश्वको लागी यात्री विमानहरुको विनिर्माण गर्नेछ अनि भारतको सूक्ष्म, लघु अनि मध्यम उद्यमको क्षेत्रमा यसको ठूलो भूमिका हुनेछ ।

****** ० ******

**युवा आपदा मित्र योजना**

युवा आपदा मित्र योजना अन्तर्गत राष्ट्रिय क्याडेट कोर, नेहरू युवा केन्द्र संगठन, राष्ट्रिय सेवा योजना र भारत स्काउट एन्ड गाइडका दुई लाख 37 हजारभन्दा बढी स्वयंसेवकहरूलाई तालिम दिइनेछ। केन्द्रीय गृह सचिव गोविन्द मोहनले आज नयाँ दिल्लीमा राष्ट्रीय आपदा प्रबन्धन प्राधिकरणको 20 औं स्थापना दिवस समारोहमा यो योजनाको सुरुवात गर्नुभयो। यस योजनाको उद्देश्य सामुदायिक स्वयंसेवकहरूलाई आपदा तयारी र प्रतिक्रियाको निम्ति प्रशिक्षित गर्नु हो। यस अवसरमा श्री मोहनले यसअन्तर्गत कम्तीमा 50 प्रतिशत महिलालाई तालिम दिने लक्ष्य राखिएको बताउनुभयो। श्री मोहनले आगामी दिनमा यी युवा आपदा मित्रहरू समाजको पहिलो पंक्तिका संरक्षक बन्नको निम्ति तयार हुने बताउनुभयो।

****** ० ******

**आकाशवाणी खरसांग सतर्कता**

आकाशवाणी खरसांगले आज देखि शुरू भएको देश व्यापी सतर्कता अभियानमा सहभागिता जनायो। यस अवसरमा आज बिहान आकाशवाणीको परिसरमा आयोजित कार्यक्रमा सतर्कता जागरूकता समारोहमा यहाँका कर्मचारीहरूले शपथ लिए। यस रेडियो स्टेशनका कार्यक्रम विभागका मुख्य निष्पदक एकाशं पारस चन्द्र आलेले सबै कर्मचारीहरूलाई शपथ दिलाउनु भयो। आज देशभरी आकाशवाणी अनि दुरदर्शनका सबै कर्मचारीहरूले सतर्कता शपथ लिए। दुरदर्शन तथा आकाशवामीका महानिदेशकहरूले मुख्यालयमा सतर्कता शपथ दिलाए। वर्ष नै केन्द्र सरकारले आयोजित गर्ने यस सतर्कता साताको मूल उदेश्य भ्रष्टाचार उन्मुलन हो तथा कहिं कतै भ्रष्टाचार भएको सुइंको पाइएको खण्डमा केन्द्रीय सतर्कता विभागलाई जानकारी गराउनु रहेको छ।

****** ० ******

**राष्ट्रपति बाइडेन . दिवाली**

अमरीकी राष्ट्रपति जो बाइडेन ले व्हाइट हाउसमा आज बेलुकी भारतीय अनि अमरीकी नागरिकहरु सँग राष्ट्रपतिको रूपमा आफ्नु अन्तिम दिपावली मनाउनुहुनेछ। यस त्योहारले भारतीय अनि अमरीकी समुदाय बीचको प्रगाड संबंधलाई दर्शाउदछ।व्हाइट हाउसले एक विज्ञप्तिमा राष्ट्रपतिले पछिलो परम्परालाई निरन्तरता दिदै ब्लू रूममा दीयो जलाउने बताएको छ। यस पछि उहाँले भारतीय.अमेरिकिहरु सँगको एक सभालाई संबोधित गर्नुहुनेछ।

****** ० ******

**हरेन आले निधन**

दार्जीलिङका एक लब्धप्रतिष्ठित वरिष्ठ साहित्यकार हरेन आलेको आज दार्जीलिङ सदर अस्पतालमा निधन भयो। साहित्यजगतमा दीर्घकालीन सेवा प्रदान गरेका हरेन आले नेपाली साहित्य सम्मेलनमा धैरै लामो समयदेखि संलग्न थिए ।सम्मेलनका अध्यक्ष पददेखि वर्तमानमा कार्यकारिणी सदस्यको रूपमा सेवारत थिए । उहाँको अप्रत्याशित निधनमा विभिन्न साहित्यिक एवम् सामाजिक संघ-संस्थानमा दु:खको लहर छाएको छ ।

****** ० ******

**मिरिक खप्पनदास जुनियर हाईस्कुल**

मिरिक महकुमा अन्तर्गत सौरैनी बस्ती स्थित खप्पनदास जुनियर हाईस्कुलको भवन मिरिक पञ्चायत समितिलाई हस्तान्तरण गरिएको छ। आज खप्पनदास जुनियर हाईस्कुल संचालन समितिको एक महत्त्वपूर्ण सभा समितिका उपाध्यक्ष बिनोद खालिङको अध्यक्षतामा सम्पन्न भयो। सभामा लामो चर्चापरिचर्चा पछि संचालन समितिले ग्रामबासीको उपस्थितिमा आज देखि स्कुल भवन मिरिक पञ्चायत समितिलाई हस्तान्तरण गरेको जानकारी संचालन समितिका सचिव जीवन कुमार राईले दिनुभएको छ। सभामा मिरिक पञ्चायत समितिका सभापति कैलाश खवास , कर्माध्यक्ष मनदीप तामाङ , ज्ञाने लामा , पञ्चायत समितिका सदस्यहरु उपस्थित थिए। स्मरण गराइन्छए धेरै बर्ष देखि उक्त स्कुल बन्द अवस्थामा रहेका थिए।

****** ० ******

**अनुसूचित जाति महासंघ**

अनुसूचित जाति महासंघको आयोजनामा आगामी २२ दिसम्बर सुकुनामा अधिवेशन हुने भएको छ। जसको निम्ति आइतवार सुकना मोडेल स्कूलमा एक सभाको आयोजना गरियो। सभापछि पत्रकारहरूसँग कुराकानी गर्दै राष्ट्रिय अनुसूचित जाति संघ अधिवेशनका महासचिव राजेश गजमेरले आफ्नो जाति र जातियतालाई बचाउन आगामी २२ दिसम्बरको दिन सुकुनामा संघले एक अधिवेशन गर्न लागेको जनाए। तिनले यस अधिवेशनमा सबै अनुसूचित जातिहरूलाई उपस्थित भएर आफ्नो जातियताको परिचय दिने आग्रह पनि गरे।

****** ० ******

**बीएसएफ महानिदेशक भ्रमण**

सीमा सुरक्षा बल (बीएसएफ) का महानिदेशक दलजीत सिंह चौधरीले दक्षिण बंगालको भ्रमण गर्नुभएको छ। उहाँले सीमा सुरक्षालाई अझ् प्रभावी बनाउनका लागि धेरै महत्वपूर्ण निर्देश दिनुभएको छ।

****** ० ******

**सन्त अल्फन्सस रक्तदान शिविर**

सन्त अल्फन्सस उच्चतर माव विद्यालय खर्साङको N.S.S अनि खर्साङ महकुमा अस्पतालको सयुक्त तत्वाधानमा आज विद्यालय प्रांगणमा रक्तदान शिविर आयोजित गरियो| यस रक्तदान शिविरमा १८ बर्ष देखि माथिका विद्यार्थीहरुले रक्तदान गरे साथै विद्यालयका प्रधान अध्यापक फादर केभिन मोक्तान, शिक्षक – शिक्षिका लगायत कर्मचारी वर्ग विद्यार्थीका अभिभावकहरुले पनि रक्तदान गरे|

****** ० ******